**श्री नेपाल राष्ट्र बैंक**

**श्री कम्पनी रजिस्ट्रारको कार्यालय**

**श्री नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड**

(कर्पोरेट कार्यालय, मध्यपुर थिमी, भक्तपुर)

**विषयः नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको स्थगित वार्षिक साधारण सभा कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (BAFIA) बमोजिम कानुनसम्मत रूपमा सञ्चालन गराइदिन सम्बन्धमा।**

म निवेदक यस संस्थाको एक शेयरधनी भएको नाताले संस्थाको स्थगित वार्षिक साधारण सभा सम्बन्धी प्रकाशित सूचना अध्ययन गर्दा उक्त सभा कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (BAFIA), प्रचलित नियामकीय व्यवस्था तथा संस्थाको प्रबन्धपत्र एवं नियमावलीविपरीत सञ्चालन हुने सम्भावना देखिएकोले निम्न विषयमा ध्यानाकर्षण गराउन यो निवेदन पेश गरेको छु।

**<u>ध्यानाकर्षणका आधारहरू</u>**

१. संस्थाको वार्षिक साधारण सभा मिति २०८२ असार ३२ गतेका लागि आह्वान गरिएको थियो। गणपूरक सङ्ख्या (Quorum) नपुगेका कारण उक्त सभा स्थगित भई पुनः मिति २०८२ साउन १० गतेका लागि सूचना प्रकाशित गरिएको छ। तर सूचनामा "पहिले विधिवत् दर्ता भएका प्रोक्सी मान्य हुने" उल्लेख गरिएको छ।

२. पहिलो सभाको सूचना तथा कार्यसूची समाप्त भइसकेपछि सो सभाका लागि जारी भएका प्रोक्सीलाई स्वतः दोस्रो सभामा पनि कायम रहने गरी मान्यता दिनु कम्पनी ऐन, २०६३ को प्रोक्सी सम्बन्धी व्यवस्था तथा प्राकृतिक न्यायको सिद्धान्तसँग मेल नखाने देखिन्छ। आवश्यक परे प्रत्येक प्रोक्सीको वैधता पुनः परीक्षण गरिनुपर्छ।

३. पहिलो सभामा दर्ता भएका धेरै प्रोक्सीहरू सक्कल कागजात बिना, फोटोकपी वा वाट्सएपमार्फत प्राप्त प्रतिलिपिका आधारमा, शंकास्पद वा नक्कली हस्ताक्षर प्रयोग गरी दर्ता गरिएको भन्ने विश्वसनीय गुनासो प्राप्त भएको छ। यस्ता प्रोक्सीलाई पुनः परीक्षण नगरी दोस्रो सभामा प्रयोग गरिएमा कम्पनी ऐन, २०६३, BAFIA, २०७३ तथा सुशासनका सिद्धान्तको उल्लङ्घन हुनेछ।

४. कम्पनी ऐन, २०६३ तथा BAFIA, २०७३ अनुसार सञ्चालकहरूको उपस्थिति तथा साधारण सभा सञ्चालनसम्बन्धी कानुनी प्रक्रिया पूर्ण रूपमा पालना गरिनुपर्छ। कुनै कानुनी प्रक्रिया अपूर्ण रहेमा सभाको वैधानिकतामाथि नै प्रश्न उठ्न सक्छ।

५. पहिलो सभाका लागि कम्पनी ऐन, २०६३ बमोजिम शेयरधनीलाई उपलब्ध गराउनुपर्ने संक्षिप्त वार्षिक आर्थिक विवरण तथा अन्य आवश्यक कागजात सबै शेयरधनीसम्म विधिवत् पुगेको देखिँदैन। हालसम्म पनि कतिपय शेयरधनीले त्यस्ता कागजात प्राप्त नगरेको गुनासो गरेका छन्।

६.मिति २०८३/०३/३२ को साधारण सभाका लागी दिईएका प्रोक्सी अर्को आर्थिक बर्ष साउन १० गते हुने साधारणसभामा सोहि प्रोक्सीलाई आधार मानी सभा संचालनगर्नु कानुनि सिद्धान्त नेपाल राष्ट्र वैंकऐन २०७३ तथा कम्पनि ऐन २०६३ को विपरीत हुने स्वतः देखीन्छ।

**<u>अतः अनुरोध छ कि–</u>**

१. वैध गणपूरक सङ्ख्या (Quorum) नपुगी साधारण सभा सञ्चालन नगरियोस्।

२. पहिलो सभामा दर्ता भएका सम्पूर्ण प्रोक्सीहरूको सक्कल कागजात, हस्ताक्षर, प्रमाणीकरण तथा कानुनी वैधताको निष्पक्ष र विस्तृत परीक्षण गरियोस्।

३. फोटोकपी, वाट्सएप, अप्रमाणित वा शंकास्पद हस्ताक्षरका आधारमा दर्ता भएका तथा कानुनी रूपमा अपूर्ण प्रोक्सीहरू तत्काल बदर गरियोस्।

४. कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (BAFIA), नेपाल राष्ट्र बैंकका निर्देशन तथा संस्थाको प्रबन्धपत्र एवं नियमावलीको पूर्ण पालना गरी मात्र साधारण सभा सञ्चालन गरियोस्।

५. प्रोक्सी दर्ता, प्रमाणीकरण वा साधारण सभा सञ्चालन प्रक्रियामा कुनै अनियमितता वा कानुनविपरीत कार्य गरेको पाइएमा सम्बन्धित पदाधिकारी तथा कर्मचारीमाथि कम्पनी ऐन, २०६३, BAFIA, २०७३ तथा अन्य प्रचलित कानुनबमोजिम आवश्यक अनुसन्धान र कारबाही गरियोस्।

६. सम्पूर्ण प्रक्रिया निष्पक्ष, पारदर्शी, कानुनसम्मत तथा सम्पूर्ण शेयरधनीको अधिकार सुरक्षित हुने गरी सम्पन्न गरियोस्।

अतः उल्लिखित विषयमा आवश्यक छानबिन गरी कुनै पनि अवैध वा अमान्य प्रोक्सीको आधारमा साधारण सभा सञ्चालन हुन नदिई कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ (BAFIA) तथा प्रचलित कानुनबमोजिम मात्र सभा सञ्चालन हुने व्यवस्था मिलाइदिन हार्दिक अनुरोध गर्दछु।

भवदीय,



निवेदकः संजय कुमार श्रेष्ठ
शेयरधनी नं.: १५६५
ठेगाना: चन्द्रगढी झापा
सम्पर्क नं.: ९८०४९५२२४२
मिति: २०८३/०४/०५